धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

# आ. व. २०७९/८० को चौथो त्रैमासिक प्रतिवेदन

# UPPER TAMAKOSHI HYDROPOWER LTD

UTKHPL

Gyaneshwor, Kathmandu

## UNAUDITED 4th QUARTER STATEMENT OF FINANCIAL POSITION AS AT

१. वित्तीय विवरण

क. संक्षिप्त वासलात र नाफा वा नोक्सान सम्बन्धी वित्तीय विवरण

*Amount in NPR*

| Particulars | 31 Ashad 2080 (Unaudited) | 30 Chaitra 2079 (Unaudited) | 32 Ashad 2079 (Audited) |
|---|---|---|---|
| **ASSETS** | | | |
| **Non-Current Assets:** | | | |
| Property, plant and equipment | 83,066,956,269.86 | 83,938,602,811.06 | 86,061,619,056.14 |
| Capital WIP- Rolwaling | 955,439,331.77 | 720,118,518.70 | 518,452,056.31 |
| Deferred tax Assets | - | - | - |
| **Total Non-Current Assets** | **84,022,395,601.63** | **84,658,721,329.76** | **86,580,071,112.45** |
| **Current Assets:** | | | |
| Inventories | 12,893,907.18 | 12,347,123.29 | 16,216,052.56 |
| Cash and cash equivalents | 129,217,708.07 | 85,899,480.65 | 209,329,523.04 |
| Other current assets | 3,368,006,023.38 | 2,504,787,348.05 | 3,027,489,896.31 |
| **Total Current Assets** | **3,510,117,638.63** | **2,603,033,951.99** | **3,253,035,471.91** |
| **Total assets** | **87,532,513,240.26** | **87,261,755,281.75** | **89,833,106,584.36** |
| **EQUITY AND LIABILITIES** | | | |
| **Equity:** | | | |
| Equity share capital | 10,590,000,000.00 | 10,590,000,000.00 | 10,590,000,000.00 |
| Retained Earnings | (6,918,024,146.53) | (5,182,524,445.06) | (3,159,110,086.24) |
| **Total Equity** | **3,671,975,853.47** | **5,407,475,554.94** | **7,430,889,913.76** |
| **Non-Current Liabilities:** | | | |
| Long Term Loans | 73,153,885,970.37 | 73,338,985,720.26 | 73,785,763,819.64 |
| Provisions | 51,485,859.43 | 14,551,175.30 | 64,010,045.23 |
| Deferred tax liabilities | - | - | - |
| Other non-current liabilities | - | - | - |
| **Total Non-Current Liabilities** | **73,205,371,829.80** | **73,353,536,895.56** | **73,849,773,864.87** |
| **Current Liabilities:** | | | |
| Short Term Loans | 6,000,000,000.00 | 6,729,612,253.05 | 5,100,000,000.00 |
| Other Current Liabilities | 4,655,165,556.98 | 1,771,130,578.20 | 3,452,442,805.73 |
| **Total Current Liabilities** | **10,655,165,556.98** | **8,500,742,831.25** | **8,552,442,805.73** |
| **Total Equity and Liabilities** | **87,532,513,240.26** | **87,261,755,281.75** | **89,833,106,584.36** |

## UNAUDITED 4th QUARTER STATEMENT OF PROFIT OR LOSS

*Amount in NPR*

| Particulars | This Quarter Ending on 31 Ashad 2080 (Unaudited) | Previous Quarter Ending on 30 Chaitra 2079 (Unaudited) | Corresponding Previous Year Quarter Ending on 32 Ashad 2079 |
|---|---|---|---|
| Revenue from sale of Electricity | 8,128,079,053.04 | 6,176,036,047.13 | 7,116,784,276.85 |
| **Expenses:-** | | | |
| Administrative and Project Operation Expenses | (738,640,807.82) | (285,585,691.93) | (440,276,815.52) |
| Royalty | (203,192,868.19) | (153,350,003.84) | (187,935,498.80) |
| Foreign Exchange Gain/(Loss) | (29,241,881.02) | (29,241,881.02) | (45,980,217.75) |
| Depreciation | (3,586,439,290.68) | (2,654,674,661.24) | (2,993,918,533.56) |
| **Profit/(Loss) from Operation** | **3,570,564,205.33** | **3,053,183,809.10** | **3,448,673,211.22** |
| Finance Income | 38,105,199.24 | 36,849,622.92 | 4,910,628.78 |
| Other income | 24,509,784.01 | 511,500.00 | 2,034,898.62 |
| Finance Costs | (7,392,093,248.86) | (5,113,959,290.84) | (5,770,564,911.38) |
| **Profit/(Loss) Before Bonus and Tax** | **(3,758,914,060.28)** | **(2,023,414,358.82)** | **(2,314,946,172.76)** |
| Income Tax | - | - | - |
| **Net Profit** | **(3,758,914,060.28)** | **(2,023,414,358.82)** | **(2,314,946,172.76)** |

**नोट** : २०७९ चैत्र र २०८० बैशाख, जेष्ठ महिनामा नदीमा पानीको बहाव कम भई विद्युत उत्पादन कम भई विद्युत विक्री आय उल्लेखनीय रुपमा घट्न गएको कारण आ.व. २०७९।८० को घाटा बढ्न गएको छ।

**सम्बन्धित पक्षसंग भएको कारोवार:** नेपाल विद्युत प्राधिकरण मार्फत नेपाल सरकारबाट तथा कम्पनीका संस्थापक शेयरधनीहरू नेपाल टेलिकम, नागरिक लगानी कोष तथा राष्ट्रिय वीमा संस्थानबाट प्राप्त दीर्घकालिन ऋण रु.४६.५२ अर्व (निर्माण अवधीको व्याज सहित) रहेको छ। साथै नेपाल विद्युत प्राधिकरणबाट प्राप्त भएको अल्पकालिन ऋण रु.२ अर्व रहेको छ।

ख). **प्रमुख वित्तीय सूचकहरू**

| क्र. स. | विवरण | यस त्रैमासिकको अन्त्यसम्मको | अघिल्लो त्रैमासिकको अन्त्यसम्मको | अघिल्लो आ.व.को यसै त्रैमासिकको अन्त्यसम्मको |
|---|---|---|---|---|
| १ | प्रति शेयर आम्दानी (रु.) | (३५.४९) | (१९.११) | (२१.८६) |
| २ | प्रति शेयर नेटवर्थ (रु.) | ३४.६७ | ५१.०६ | ७०.१७ |
| ३ | प्रति शेयर सम्पत्तीको मूल्य (रु.) | ८२६.५६ | ८२४.०० | ८४८.२८ |
| ४ | तरलता अनुपात | ०.३३ | ०.३१ | ०.३८ |

२. **व्यवस्थापकीय विश्लेषण**

यस कम्पनी अन्तर्गतको राष्ट्रिय गौरवको ४५६ मेगावाट क्षमताको माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको निर्माणकार्य सम्पन्न भई २०७८ भाद्र २५ देखि पूर्ण रुपमा विद्युतको व्यापारिक उत्पादन भइरहेको छ। नेपाल सरकारको दीर्घकालिन ऋण भुक्तानीको लागि ३० वटा किस्ताको १५ वर्षे ऋण भुक्तानी तालिका तथा अन्य संस्थागत ऋणप्रदायक संस्थाहरूको दीर्घकालिन ऋण भुक्तानीको लागि ६० वटा किस्ताको १५ वर्षे ऋण भुक्तानी तालिका निर्धारण गरी आ.व. २०७९/८० चैत्र मसान्तसम्ममा नेपाल सरकारको दुई तथा अन्य संस्थाहरूको पाँच किस्ता सावाँ तथा व्याज भुक्तानी गरिएको छ। विविध कारणहरूले आयोजना निर्माण सम्पन्न अवधी बढ्न गई समग्र आयोजनाको लागत वृद्धि हुन गएकोले ह्रासकट्टि खर्च तथा व्याज खर्च अत्याधिक वृद्धि भएको तर त्यस अनुरुप विद्युत विक्रीबाट आम्दानी बढ्न सक्ने अवस्था नरहेको र बजारमा व्याजदर घट्न नसकेको अवस्थाले गर्दा यस आ.व. का साथै आउँदो केहि आ.व.मा समेत कम्पनीको नाफामा असर पर्ने अवस्था देखिएको छ।

कम्पनीको ऋण र स्वपूँजी अनुपातको सुधार, दोस्रो चरणको निर्माण अन्तर्गतको रोलवालिङ खोला जलविद्युत आयोजना निर्माणको वित्त व्यवस्थापन र आयोजना निर्माणसम्बन्धी बाँकी रहेका भुक्तानीको लागि मिति २०७९/०३/३० मा बसेको सञ्चालक समितिको २५७ औं बैठकबाट १:१ को अनुपातमा हकप्रद शेयर निष्काशनको लागि वार्षिक साधारण सभामा प्रस्ताव पेश गरिएकोमा मिति २०७९/०५/०३ मा बसेको १४ औं वार्षिक साधारण सभाबाट उक्त हकप्रद शेयर निष्कासन सम्बन्धी प्रस्ताव पारित भएकोले हकप्रद शेयर जारी पश्चात कम्पनीको वित्तीय सूचकहरूमा सुधार हुने अपेक्षा गरिएको छ। हाल हकप्रद शेयर निष्काशनको लागि मिति २०८०।०३।२२ मा नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त भएकोले पहिलो चरणमा कम्पनीका चारवटा संस्थापक शेयरधनीहरूबाट हकप्रद शेयर वापतको रकम संकलन भइसकेकोले दोस्रो चरणमा सर्वसाधारणको लागि हकप्रद शेयर निष्काशनको प्रक्रियामा रहेको छ।

३. **कानूनी कारबाही सम्बन्धी विवरण**

क. त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए।

- यस त्रैमासिकमा संस्थाले हाइड्रोमेकानिकल कार्य ठेकेदार M/S Texmaco Rail & Engineering Limited, India (TREL) सँग भइरहेको Arbitration मुद्दा मा Arbitral Tribunal ले 9 July 2023 मा जारी गरेको Procedural Ruling का विरुद्ध उच्च अदालत पाटनमा मध्यस्थको निर्णय बदर र अन्तरकालिन आदेश जारी गरी पाउँ भनि अपिल दर्ता गरिएकोमा कम्पनीको अपिल अनुसार अन्तरकालिन आदेश जारी भई निर्णय हुन बाँकी रहेको छ।

ख. संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए।

- यस सम्बन्धमा जानकारी प्राप्त नभएको।

ग. कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए।

- यस सम्बन्धमा जानकारी प्राप्त नभएको।

४. **संगठित संस्थाको शेयर कारोवारसम्बन्धी विश्लेषण**

कम्पनी व्यवस्थापनबाट शेयरको मूल्यमा असाधारण प्रभाव पर्ने किसिमको कुनै पनि प्रकारको गतिविधिहरू भएको छैन। शेयर बजारको चलायमान गतिविधिका कारण कम्पनीको शेयर मुल्यमा निरन्तर उतारचढाव भइरहेको देखिन्छ।

नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेवसाइट अनुसार आ. व. २०७९/८० को चौथो त्रैमासिक अवधीमा शेयर सम्बन्धि कारोवारको विवरण देहाय बमोजिम रहेको छ।

| शेयरको अधिकतम मुल्य (रु.) | शेयरको न्यूनतम मुल्य (रु.) | शेयरको अन्तिम मुल्य (रु.) | कारोवार भएको कूल दिन | कारोवार संख्या |
|---|---|---|---|---|
| ५१४ | ३८८ | ४२७ | ६२ | २१,५८९ |

५. **समस्या र चुनौती**

आयोजना निर्माण सम्पन्न भई सञ्चालनमा प्रवेश गरेको हालको अवस्थामा आयोजनाको बढेको निर्माण अवधी तथा लागतका कारण बढ्न गएको व्याज खर्च, ह्रासकट्टि खर्च तथा अन्य खर्चहरूको न्यूनिकरण तथा विद्युत विक्री आयको सुनिश्चितता गरी कम्पनीको सफल सञ्चालन तथा वित्तीय स्थिति मजबुत गरी नाफा वृद्धी तथा लगानीकर्ताहरूलाई उचित लाभाशंको सुनिश्चितता हालको प्रमुख लक्ष्य तथा चुनौति रहेको छ। साथै, दोस्रो चरण अन्तर्गतको रोलवालिङ डाइभर्शन स्कीम सहितको रोलवालिङ खोला जलविद्युत आयोजना निर्माणको मुख्य ठेक्का सम्झौता भई ठेकेदारको Site mobilization कार्य भइसकेकोले बाँकी रहेका अन्य प्रक्रिया टुङ्गो लगाई यथाशिघ्र निर्माण सम्पन्न गरी समग्रमा विद्युत विक्री आय वृद्धि गर्नु पर्ने चुनौती रहेको छ।

६. **संस्थागत सुशासन**

कम्पनीको आर्थिक तथा प्रशासनिक कार्यलाई व्यवस्थित गर्न आर्थिक प्रशासन विनियमावली तथा कर्मचारी व्यवस्थापनको लागि कर्मचारी प्रशासन विनियमावली लगायतका विनियमावलीहरू सञ्चालक समितिबाट स्वीकृत भई लागु गरिएका छन्। कम्पनी ऐन बमोजिम लेखापरीक्षण समिति गठन गरिएको छ। हरेक वर्ष लेखापरीक्षक संस्थाहरूद्धारा आन्तरिक लेखापरीक्षण तथा श्री महालेखापरीक्षकको कार्यालयबाट प्राप्त परामर्श अनुसार साधारण सभाबाट लेखापरीक्षक नियुक्त गरी अन्तिम लेखापरीक्षण गराई वार्षिक साधारणसभा गर्ने गरिएको छ। साथै, आयोजना निर्माणसँग सम्बन्धित विभिन्न प्राविधिक, आर्थिक तथा कानूनी विषयहरूमा आवश्यकता अनुसार स्वतन्त्र विज्ञहरू सम्मिलित उप समितिहरू गठन गरी सोको प्रतिवेदन तथा सिफारिस अनुरुप कार्यान्वयन हुने गरेको छ।

७. **सत्य, तथ्यता सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण**

यस प्रतिवेदनमा प्रस्तुत वित्तीय विवरणहरू कम्पनीद्धारा राखिएको लेखा अनुसार तयार गरिएको छ। मेरो जानकारीमा भए अनुसार यस विवरणमा उल्लिखित सम्पूर्ण विवरणहरू तथ्यको आधारमा तयार गरिएकोले सत्य, तथ्यपूर्ण रहेको र लगानीकर्ताहरूलाई सुसूचित गर्दै निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन।